जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- ३३, २०८२ चैत ५ गते विहीबार, 19Mar 2026, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-



निर्वाचित सांसदको नामावली आज राष्ट्रपतिलाई बुझाइदै

○सहीखबर संवाददाता

मकवानपुर । निर्वाचन आयोगले समानुपातिक निर्वाचन प्रणालीतर्फ ११० जना सांसद निर्वाचित भएकाहरूको नामावली आज (५ चैत्र विहीबार) राष्ट्रपति समक्ष पेश गर्दैछ ।

आयोगले निर्वाचित सांसदहरूको नामावली राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पेस गर्ने तयारी गरेको हो । आयोगका अनुसार समानुपातिक तर्फबाट निर्वाचित सांसदमध्ये बागमती प्रदेशका विभिन्न जिल्लाबाट पाँच राष्ट्रिय दलका ३१ उम्मेदवार समेटिएका छन् ।

प्रदेशका ३३ निर्वाचन क्षेत्रबाट सिफारिसमा परेका समानुपातिकतर्फ ३१ जना सदस्य प्रतिनिधि सभामा निर्वाचित भएका हुन् ।

राष्ट्रिय दलको मान्यता पाएका ६ वटा दलमध्ये पाँच वटाले प्रदेशबाट प्रतिनिधित्व पाएका छन् । तर, समानुपातिकतर्फ चार सिट जितेको श्रम संस्कृति पार्टीबाट भने बागमती प्रदेशका कसैले पनि अवसर पाउन सकेनन् ।

आयोगले देशभरबाट विभिन्न ६ वटा पार्टीबाट निर्वाचित हुने सांसदहरूको सूची सोमबार प्रकाशित गर्दै ११० जनालाई निर्वाचित घोषणा गरेको थियो । प्रतिनिधि सभा सदस्य निर्वाचन २०८३ को लागि पेश गरेको बन्दसूचीबाट आ आफ्नो दललाई प्राप्त गरेको सिट क्लस्टर अनुसार निर्वाचन आयोगमा नाम पेस गरेपछि आयोगले सोमबार ६ वटा दलबाट ११० जना निर्वाचित भएको घोषणा गरेको थियो। आयोगका अनुसार सबैभन्दा बढी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट ५७ जना, नेपाली कांग्रेसबाट २० जना, नेकपा (एमाले)बाट १६ जना, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)बाट ९ जना, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट ४/४ जना निर्वाचित भएका छन् ।

यसैगरी ६ दलबाट ११० जना सांसद निर्वाचित हुँदा ८२ जना महिला रहेका छन् । जसमा सबैभन्दा बढी रास्वपाबाट ४८ जना, दोस्रोमा नेपाली कांग्रेसबाट १५ जना, तेस्रोमा नेकपा (एमाले) बाट १० जना, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)बाट ४ जना, श्रम संस्कृति पार्टीबाट ३ जना र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट २ जना छन् ।

११ जिल्लामा क्लिनस्वीप गरेको रास्वपाबाट १८ जना

समानुपातिक तर्फबाट निर्वाचित हुनेहरुमा सबैभन्दा बढी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवारहरु छन् । बागमतीका ३३ निर्वाचन क्षेत्रमध्ये ३१ वटामा रास्वपाले प्रत्यक्षतर्फ निर्वाचन जितेको थियो। बागमतीका ११ जिल्लामा (रसुवा र सिन्धुपाल्चोकबाहेक) क्लिनस्वीप नै गरेको छ । समानुपातिकतर्फ बागमतीमा रास्वपाका सबैभन्दा धेरै १९ जना सांसद चुनिएका छन् । निर्वाचित हुनेहरुमा काम्रेका राम लामा र रचना खतिवडा खत्री, ललितपुर का खुशबु सरकार श्रेष्ठ, सुम्निमा उदास र प्रभा कार्की रहेका छन् ।

त्यस्तै, काठमाडौंबाट बसुमाया तामाङ, अनुष्का श्रेष्ठ, ओजस्वी शेरचन, सिर्जना श्रेष्ठ, लिमा अधिकारी (आचार्य), विदुषि राणा, समीक्षा बास्कोटा र सीता वादी निर्वाचित भएका छन् । नुवाकोटबाट शोभा खनाल, चितवनबाट प्रभा ढकाल र अफसाना बानु, दोलखाबाट स्मृति सेन्चुरी र ललितपुरबाट तारा विश्वकर्मा पनि रास्वपाबाट सांसद बनेका छन् ।

त्यस्तै नेपाली कांग्रेसबाट यस प्रदेशमा ५ जना निर्वाचित भएका छन् । जसमा भक्तपुरबाट मदनकृष्ण श्रेष्ठ (अपांगता कोटा) र गंगालक्ष्मी अवाल, नुवाकोटबाट अर्जुननरसिंह केसी, धादिङबाट सीता थपलिया र मकवानपुरबाट पवित्रा विक छन् ।

त्यस्तै, नेकपा एमालेबाट ४ जना निर्वाचित भएका छन् । जसमा धादिङबाट गंगादेवी श्रेष्ठ र पुष्पराज कँडेल, चितवनबाट रामबहादुर थापा मगर र काठमाडौंबाट कुलभक्त शाक्य रहेका छन् । नेपाली कम्युनिस्ट पार्टीबाट ललितपुरका प्रमेश कुमार हमाल र काठमाडौंका परशुराम तामाङ निर्वाचित भएका छन् भने राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट धादिङकी सरस्वती लामा र काठमाडौंकी खुशबु ओली निर्वाचित भएका छन् ।

पेज ३ मा

इन्साइड स्टोरी

एचआईभी उपचार,सुधार्नु पर्ने मानवीय व्यवहार र बन्दै गरेको नयाँ सरकार

विचार

आवश्यक नयाँको निर्माण र अप्रभावकारीलाई नयाँ संसोधन समेत गर्दै नागरिक शिक्षालाई समुदायस्तरसम्म लैजाने काम गरोस् ।



अधिवक्ता जगन्नाथ सुवेदी

पेज २ मा

इनिशा हत्याका दोषीलाई कारबाही माग



पेज ४ मा

पुनर्निर्माणाधिन संरचनाको भौतिक मन्त्रीद्वारा अनुगमन

पेज ५ मा


महोत्सव हेर्न टिसिएन चौर जाऔं — सहभागी बनौं सफल पारौं

दोस्रो
बृहत खेलकुद, कृषि तथा पर्यटन महोत्सव-२०८२

मुख्य आकर्षणहरू:
- विभिन्न राष्ट्रिय तथा जिल्लास्तरीय खेलकुद प्रतियोगिता
- दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
- परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवम् कला प्रदर्शन ।
- खेलकुद सामग्री, लत्ता कपडा तथा भाँडाकुडा प्रदर्शनी
- अन्तराष्ट्रिय स्तरको बाल उद्यान (रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत घर, चिडिया घर र बच्चाहरुको खेलौना)
- राष्ट्रिय तथा स्थानीय खानाको प्रदर्शनी



विशेष आकर्षण







(२०८२ फागुन २९ गतेदेखि चैत १४ गतेसम्म)
हेटौडा-१०, टिसिएन चौर

आयोजक:
मकवानपुर जिल्ला खेलकुद विकास समिति, हेटौडा

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

कृतिम अभाव रोक

पछिल्लो साता नेपालमा एकैसाथ पेट्रोलियम पदार्थ र खाना पकाउने ग्यासको मुल्य बढ्यो । मुल्यमात्रै बढेन सँगैसँगै यसको अभाव पनि सिर्जना भयो । विश्व बजारको अवस्थाले प्रत्यक्ष असर पार्ने नेपालमा यसपटक अझै समस्या बढ्ने देखिन्छ । खासगरी विश्वको झन्डै ३० प्रतिशत कच्चा तेल र प्राकृतिक ग्यास बाहिरिने हर्मुज जलघाँटी (स्ट्रेट अफ हर्मुज) मा तनाव सिर्जना भएपछि त्यस्तो अभाव भएको हो । विश्वका धेरै देशमा जस्तै नेपालमा पनि ग्राहकले अभाव र मूल्यवृद्धिको अनुभव गर्न थालेका छन् ।यतिमात्रै हैन अब धेरै उपभोग्य वस्तु तथा सेवाको मूल्यवृद्धि हुने आँकलन गर्दै नागरिकमा डर उत्पन्न भएको छ । पेट्रोलियम पदार्थ र ग्यासको मुल्य बढेसँगै व्यवसायिहरूले कृतिम अभाव सिर्जना गर्न थालेका छन् ।

अमेरिका र इजरायलले इरानमाथि गरेको हमला र त्यसको प्रतिक्रियास्वरुप अमेरिकी सैन्य अखडा रहेको खाडीका देशमा इरानले गरेको प्रतिहमलापछि अहिलेको तनाव सिर्जना भएको हो । हमला र प्रतिहमला जारी रहँदा अहिलेको तनाव कहाँसम्म विस्तार हुन्छ । यो अनुमान गर्न सकिने अवस्था छैन। यसको बाछिटा संसारभर फैलिसकेको छ । नेपाल यस तनावबाट प्रभावित देश भए पनि यस तनावलाई दिशानिर्देश गर्न सक्ने अवस्था छैन । नेपालले केवल शान्तिको कामना गर्न सक्छ, देशहरुबीचको विवाद आपसी संवादबाट टुंग्याउनका लागि अपिल गर्न सक्छ ।

त्यतिबेला अभाव हुन सक्ने वस्तुको मितव्ययी प्रयोग गर्न, अभावको अप्ठ्यारोलाई पछाडि धकेल्न आपसी सहकार्य आवश्यक छ । उपभोग्य वस्तुको भण्डारण गर्न खोज्दा अझै अभाव बढ्न सक्छ, त्यसैले उपभोक्ताहरूले पनि संभव भएसम्म वैकल्पिक उपाय अपनाउनु पर्छ । ग्यासको अभावमा इन्डक्सन चुलो, भुस वा दाउराको चुल्हो विकल्प हुन सक्छ । जसले ग्यास आयातलाई न्यूनीकरण गर्न सघाउँछ। अर्कोतर्फ, बढीभन्दा बढी घरपरिवारले इन्डक्सन चुलो प्रयोग गर्दा ग्यास अनिवार्य हुने ठाउँमा अभावकै बीचमा पनि उपलब्ध हुने सम्भावना बढी हुन्छ । साथै कृतिम अभाव सिर्जना हुन नदिन स्थानीय प्रशासनले बजार अनुगमन तथा नियमित आयात र खपतबारे पनि अनुगमन गर्नु जरूरी छ । प्रशासनको यि कार्यमा सहकार्य र समन्वय गर्नु उपभोक्ताको कतर्व्य पनि हो, कृतिम अभाव रोकौं ।

एचआईभी उपचार,सुधार्नु पर्ने मानवीय व्यवहार र बन्दै गरेको नयाँ सरकार



निकट भविष्यमा बन्ने सरकार जनउत्तरदायि बनोस् र त्यो आह्वानलाइ यो सरकारले संचारका विविध माध्यमको सदुपयोग गर्दै तथा कानुन र कार्यविधीको सन्दर्भमा भएकाको प्रभावकारी कार्यान्ययन, आवश्यक नयाँको निर्माण र अप्रभावकारीलाई नयाँ संसोधन समेत गर्दै नागरिक शिक्षालाई समुदायस्तरसम्म लैजाने काम गरोस् ।

अधिवक्ता जगन्नाथ सुवेदी

मानव शरिर विज्ञानलाई अध्ययन गर्ने क्रममा सामान्य मानिसले पनि थाहा पाउन सकिने कुरा के रहेछ भने शरिरले आफूलाइ दुरूस्त र स्वस्थ र कतिपय सामान्य समस्याहरू आइपर्दा आफैंभित्रबाट उपचार गर्ने प्रणालीको विकास गर्दो रहेछ । जब बाहिरबाट कुनै किटाणु आउँछ त्यो आउने रोगका किटाणुहरुका विरुद्ध लड्ने क्षमताको विकास गराउन मानिसको शरीरमा रोग विरुद्ध लड्ने संयन्त्र रहेको हुन्छ । त्यसलाई मानव प्रतिरक्षा प्रणाली भनिन्छ । मानव शरीरमा रहेका सेता रक्तकोषहरूले प्रतिरक्षा प्रणालीको काम गर्दछन । मानव प्रतिरक्षा प्रणालीलाई नष्ट पार्ने विषाणु Human Immunodeficiency Virus HIV हो । प्रतिरक्षा क्षमतामा कमीका कारण विभिन्न रोगका लक्षणहरु देखा परेको अवस्थालाइ AIDS Acquired Immune Deficiency Syndrome भनिन्छ । एच आई भि शरिरमा प्रवेश भइ एड्स को अवस्थामा आइपुग्दा सामान्य स्वास्थ्य समस्या पनि निको नभइ मनिसको ज्यान जान सक्छ ।

माइकल गटलिब नाम गरेका एकजना बैज्ञानिकले सन् १९८० मा मानिसको रोग प्रतिरोधात्मक क्षमता सम्बन्धी अध्ययन गरिरहेका बेला दुर्लभ किसिमको भाइरसका कारणबाट हुने निमोनिया भएको पत्ता लगाए केहि समयपछि एटलान्टाको रोग नियन्त्रण केन्द्रले यसलाइ एड्स नाम दियो । नेपालमा पहिलोपटक वि.सं.२०४५ सालमा एच आइ भी संक्रमण भित्रिएको अनुमान छ ।

परीक्षणबाट एकजना विदेशी नागरिक र एकजना नेपालीलाई एच आइ भी संक्रमण भएको २०४७ सालमा मात्रै थाहा भएको थियो । असुरक्षित यौनसम्पर्क, निर्मलिकरण नगरिएका औजारहरुको प्रयोग, परीक्षण नगरिएको रगत तथा रगतजन्य पदार्थहरु, आमाबाट बच्चामा गर्भमा रहँदा, सुत्केरी हुँदा, स्तनपान गराउँदा एच आइ भि हुने मुख्य कारण र अवस्था हुन् । एच आइ भी संक्रमण भएको लामो समयावधि सम्म पनि यसका कुनै लक्षण नदेखिन सक्ने हुनाले रगत परीक्षण गराउँदा मात्र संक्रमण भए नभएको यकिन हुने भएकोले सम्भावित मानिसले रगत जाँच गर्नु गराउनु पर्दछ ।

सबै भन्दा जटिल पक्षने यहि देखिएको छ । संक्रमण भएको कुरा घर परिवार वा समाजले थाहापाए लाञ्छाना घृणा दुर्व्यवहार हिंसाको निसानीमा परिने भय र संकोचले समस्यालाइ आफुभित्रै लुकाएर दीर्घजीवि भइ बाँच्न पाउने उपचार पद्धतिबाट विमुख भइ अकालमै मर्नपर्ने स्थितिलाइ स्विकारेर धेरै संक्रमितहरू बसिरहेका छन् । मानिस सामाजिक प्राणि हो उ एक्लै रहन सक्दैन त्यसमाथि अशक्त र बिरामी पर्दा झनै सहाराको खाँचो पर्दछ तर त्यो अवस्थामा झनै आफन्त र परिवारसँग नै भयभित भइ बरन्नुपर्दा मनमा कुनहदसम्मको पीडाको गाँठो बन्ला यो सामान्य मान्छेले अनुमान गर्ने जान्दैन ।

जीवनका विविध पक्षहरूको सन्तुलित व्यवस्थापनमा मात्र मानिस बाँचेको ठहर्छ । सास फेर्नुमात्र बाँचेको भन्ने होइन, प्रत्येक व्यक्तिको आत्मसम्मान र मर्यादित जीवन बाँच्न पाउने अधिकार एक समान हुने भएकाले सबैले यसको उपयोग निर्विवादरूपमा गर्न पाउनुपर्छ । व्यक्तिको जीवनको यहि पक्षलाइ सम्बोधन गर्न नेपालको संविधानले सम्मान पुर्वक बाँच्न पाउने हक र गोपनीयतको हक लाइ सुनिश्चित गरेको छ । नागरिकको स्वास्थ्यको हकलाइपनि संविधानले मौलिक हकको रूपमाने स्थपित गरेको छ । संविधानको धारा १८ मा त समानताको हक को बिषयमा सामान्य कानुनको प्रयोगमा स्वास्थ्य अवस्थाको आधारमा भेदभाव गरिने छैन भन्ने कुरा समेत उल्लेख छ ।

तर विभिन्न तरिकाले जो करैलाइ पनि सर्न सक्ने उत्तिकै सम्भावना भएको एच आइ भि को प्रवेश जब कुनै मानिसमा भयो भन्ने थाहा हुने बित्तिकै, त्यसले संक्रमणको रूपलिन नपाउँदै, गरिने घृणा र भेदभावयुक्त व्यवहार भएको देख्दा मानवीय चेतनाको स्तर मा सुधार नभएसम्म सामाजिक सोचमा रूपान्तरणको अपेक्षा गर्न सकिदैन । गोपनीयता भंगहुँदा एचआईभी संक्रमित घरपरिवारलाई आफ्ना छोराछोरीको विवाह गर्नसमेत समस्या भइरहेको र बालाबालिकाको व्यक्तित्व विकासमा समेत असर परेको देखिन्छ । अस्पतालबाट पाइने उपचार सेवामार्फत एचआईभी संक्रमित बाबुआमाबाट संक्रमणमुक्त बच्चा जन्माउन सकिनेबारे जानकारी पाउन नसक्दा महिलाहरु बसेको गर्भसमेत फाल्न बाध्य भएको तिता यथार्थ पनि सुन्नु परेको छ ।

एच आई भी तथा एड्स नियन्त्रण ऐन, २०६४ ले एच आई भी सङ्क्रमित भएको आधारमा शिक्षा रोजगारी स्वास्थ्य सेवा बसोबास सार्वजनिक सेवामा भेदभाव गर्न नपाइने, गोपनीयता कायम गर्नुपर्ने, सङ्क्रमित व्यक्तिको स्वास्थ्य विवरण परीक्षण नतिजा उसको सहमतिबीना सार्वजनिक गर्न नपाइने, र एच आई भी भएको कारण गालीगलौज अपमान सामाजिक बहिष्कार तथा डर त्रास देखाउने कार्य गर्न पाइँदैन भनि प्रष्टै उल्लेख गरेको छ । यदि करैले त्यस्तो गर्यो भने सजाय ३ महिना देखि १ वर्षसम्म कैद र ५,००० देखि २५,००० रूपैयाँसम्म जरिवाना वा दुबै हुने र पीडितलाई क्षतिपूर्ति अनिवार्य उपलब्ध गराउन पर्ने कुरा समेत उल्लेख गरिएको छ । मुलुकी अपराध संहिता, २०७४ को गाली बेइजती सम्बन्धि कसुर अभद्र व्यवहारको कानुनी प्रावधान पनि एच आई भी भएको कारण हुने कुटपिट, गाली, बदनामी, धम्की मा आकर्षित हुन पुग्छ र यस्ता अपराधलाइ दण्ड सजायँको व्यवस्था गरिएको छ ।

यहिँ सवाल खडा हुन्छ कि कानुन र कार्यविधि हुँदाहुँदै पनि लक्षित वर्गलाइ लाभान्वित गराउन सहजीकरण गर्ने धेरै राज्य संयन्त्रहरू, संस्था र सन्जालहरू क्रृयाशील भइरहँदा पनि किन एउटा एच आइ भि सरेको व्यक्ति उपचार गर्छु भन्दा पनि सामाजिक घृणाको डरले लुकेर छिपेर अस्पताल आउन बाध्य छ ।

आफ्नो शरिर भित्रको भाइरस सँग त उ लड्न सक्छ तर उस्लाइ हेर्ने समाजको आँखाबाट निस्कने विषले उ सधैं घायल हुनुपर्छ । नियमित औषधि सेवनबाट संक्रमितहरू दीर्घजीवि पनि बन्न थालिसके तर एच आइ भि को कारण भन्दा पनि यसको आधारमा गरिने घृणा लाञ्छना र शारिरिक तथा मानशिक हिंशा ले थला परिरहेका छन् । मर्माहत भएका बिरामिको रूपमा नेपालका करिब ३० हजार संक्रमितहरूले मायाँ, रेखदेख, सहयोग र उत्प्रेरणा, पाउने कहिले ।

नेपालले सन् २०३० सम्ममा एच आइ भि मुक्त समाजको लक्ष र खेर राष्टिय रणनीतिक योजना २०२१ देखि २०२६ निर्माण गरेको छ । यसले रोकथाम, परिक्षण, उपचार, हेरचाह, समर्थन र सामाजिक समावेशीतामा केन्द्रित दृष्टिकोणहरू राखेको पनि छ । कार्यान्वयन पक्षको आधारमा त्यो लक्ष पाउन कति सम्भव होला यो सोचनीय सवाल बन्ने पर्दछ ।

सन् २००१ म संयुक्त राष्ट्र संघको महासभाको विशेष सत्रबाट निर्माण भएको घोषणापत्रले एच आइ भी विरुद्धका विश्वव्यापी कार्यक्रमहरुलाई मार्गदर्शन दिएको छ र सक्षम नेतृत्व एच आइ भी रोकथाम, संक्रमित व्यक्तिहरुको हेरविचार तथा सहयोग र उपचार पद्धति, मानव अधिकार र जोखिमपूर्ण समूहहरुलाई प्राथमिकता, महिला सशक्तीकरण, अभिभावकहरु जुमाएका व्यक्तिहरुलाई विशेष सहयोग, एच आइ भी लाई प्रभावकारी रुपमा सम्बोधन गर्न दीर्घकालीन विकासमा लगानी जस्ता पक्षमा सनिश्चितता खोजेको छ । यसलाइ सरकार नागरिक समाज र निजिक्षेत्रबाट मिहिन तरिकाले स्थानीय बस्तुस्थितिलाइ

बाँकी पेज ३ मा

सहीखबर

फिचर/सहीवार्ता
www.saheekhabar.com

२०८२ चैत ५ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

बन्यो भव्य गाउँमा अस्पताल



○सहीखर संवाददाता

मकवानपुर । मकवानपुरको विकट कैलाश गाउँपालिकामा १० शैयाको आधारभूत अस्पतालको उद्घाटन गरिएको छ । संघीय सरकारको ६ करोड ५८ लाख ९९ हजार १ सय ७६ रूपैंया लगानीमा स्थापना भएको यो अस्पतालको बुधबार बागमती प्रदेशका मुख्यमन्त्री बानियाँले उद्घाटन गरे तर स्वास्थ्यकर्मीको व्यावस्थापनबारे प्रश्न सुरू भएको छ ।

अस्पतालमा ३ जना चिकित्सकसहित ३३ जनाको दरबन्दी रहेको भव्य अस्पताल भवन निर्माण सम्पन्न भए पनि दरबन्दी अनुसारको स्वास्थ्यकर्मी कहिले आउने भने टुङ्गो छैन। अस्पतालमा ५ जना स्टाफ नर्स, ३ जना अनमी, ३ जना हेल्थ असिष्टेन्ट, ३ जना अहेव, १ जना कविराज, १ जना ल्याव टेक्निसियन, १ जना रेडियोग्राफर, १ जना फार्मेसी सहायक, १ जना डेन्टल हाइजिनिक, १ जना नासु, ३ जना कार्यालय सहयोगी, १ जना सरसफाइकर्मी र १ जना सुरक्षाकर्मी रहेका छन्। तर हालसम्म स्वास्थ्य चौकीको दरबन्दी मात्रै रहेको कैलाश गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख तिलकप्रसाद गौतमले बताए।

अस्पतालमा इमरजेन्सी सेवासहित स्त्ररोग, बालरोग, दन्तरोग, छाला रोग, आयुर्वेद, आँखाजाँच, प्रयोगशाला, मिडियो एक्सरे, इसिजी लगायतका सेवा उपलव्ध हुने जनाईएको छ । ३१ हजार ८ सय ५६ जनसंख्या रहेको कैलाश गाउँपालिका मकवानपुर सदरमुकाम हेटौंडाबाट ४५ किलोमिटर ढाढा छ ।

यो जिल्लाकै दुर्गम पालिकामध्येको एक कैलाश गाउँपालिका स्वास्थ्य सुविधामा पछाडी परेको स्थानीय तह हो। यहाँका स्थानीय उपचारका लागि जिल्ला सदरमुकाम हेटौंडा र मनहरी बजार पुग्नुपर्ने बाध्यता रहेको छ । स्थानीयस्तरमै अस्पताल स्थापना भएपछि स्वास्थ्य सेवामा पहुँच अभिबृद्धि हुने गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानले जानकारी दिए।

अस्पताल स्थापना भएपछि कैलाश गाउँपालिकाको १० वटै वडा र राक्सिराङ गाउँपालिकाको वडा नम्बर ४ र ९ का बासिन्दा लाभान्वित हुने उपाध्यक्ष बालकुमार मल्ल ठकुरीले बताए ।

उद्घाटन कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, गाउँपालिकाका उपाध्यक्ष ठकुरी, जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख किरण श्रेष्ठ, वडा अध्यक्ष राजेन्द्र घिसिङलगायतले अस्पतालमा विज्ञ चिकित्सकसहितको सेवा शुरू भएपछि स्थानीयले राहत पाउने धारणा व्यक्त गरेका थिए ।

अस्पताल आशिष /आर्शिवाद/ स्वामी नारायण जेभीसंग २०७८ जेठ २७ गते निर्माण सम्झौता भई २०८२ असारमा निर्माण सम्पन्न भएको थियो । अढाई तल्ले अस्पताल भवनमा १० शैया रहेको छ। जिल्लाको अन्य स्थानीय तहहरूमा स्वास्थ्यसस्थाका भवनहरू भव्य भएपनि स्वास्थ्यकर्मीहरूको व्यवस्थापनमा चुनौति खेप्दै आएका छन् ।

हेटौंडा उपमहानगरपालिका वडा १९ को सूचना

सवारी दुर्घटनाबाट बचौं र बचाऔं, ट्राफिक नियमको पालना गरौं

१. हतार गरेर सवारी साधन नचलाउ र हतारमा सडक पार समेत नगरौं ।
२. सवारी साधन चलाउदा मोबाईल फोनको प्रयोग नगरौं ।
३. जथाभावि र गलत दिशाबाट ओर्भटेक नगरौं र बाटो नकाटौं ।
४. बाटोको अवस्था अनुसार गति निर्धारण गरौ ।
५. सवारी साधन सुरक्षित चलाउ किनकी घरमा परिवार कुरेर बसिरहेका छन् ।
६. ओभर स्पिड र ओभरटेकमा ध्यान दिऔं ।
७. मादक पदार्थ सेवान तथा लागु पदार्थ सेवन गरेर सवारी नचलाऔं ।

१९ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका

निर्वाचित सांसदको नामावली आजै ...

कुन जिल्लाबाट कति छानिए ?

निर्वाचन आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को समानुपातिकतर्फ निर्वाचित सदस्यहरुको अन्तिम सूचीमा बागमती प्रदेशका ९ जिल्लाको मात्र प्रतिनिधित्व भएको देखिएको छ ।

आयोगको विवरणअनुसार राष्ट्रिय दलको मान्यता पाएको श्रम संस्कृति पार्टीले देशभरबाट ४ सिट जिते पनि बागमती प्रदेशबाट कोही परेनन् । संघीय राजधानीसमेत रहेको काठमाडौं जिल्लाबाट सबैभन्दा बढी ११ जना सांसद निर्वाचित भएका छन् ।

रास्वपाले काठमाडौं र ललितपुरबाट सांसद छान्दा भक्तपुर, मकवानपुर, सिन्धुली, रामेछाप, सिन्धुपाल्चोकलगायत जिल्ला समेट्न सकेन । कांग्रेसले भक्तपुर, नुवाकोट, धादिङ र मकवानपुरलाई समेटेको छ भने एमालेले धादिङ, चितवन र काठमाडौंका सूचीलाई सांसद बनाएको छ ।

काठमाडौंबाट मात्र रास्वपाका ८ जना निर्वाचित भएका छन्, ती बसुमाया तामाङ, अनुष्का श्रेष्ठ, ओजस्वी शेरचन, सिर्जना श्रेष्ठ, लिमा अधिकारी (आचार्य), विदुषि राणा, समीक्षा बास्कोटा र सीता वादी हुन् । एमालेबाट कुलभक्त शाक्य निर्वाचित हुँदा नेकपाबाट पर शुराम तामाङ, राप्रपाबाट खुश्बु ओली काठमाडौंबाट निर्वाचित भएका छन् ।

ललितपुरबाट ५ जनाले ३ वटा दलबाट अवसर पाएका छन्, जसमा रास्वपाबाट खुश्बु सरकार श्रेष्ठ, सुम्निमा उदास, प्रभा कार्की र तारा विश्वकर्मा तथा नेकपाबाट प्रमेश कुमार हमाल छन् । धादिङबाट एमालेका गंगादेवी श्रेष्ठ र पुष्पराज कँडेल, कांग्रेसकी सीता थपलिया र राप्रपाकी सरस्वती लामा गरी ४ जना समेटिएका छन् ।

चितवनबाट रास्वपाकी प्रभा ढकाल र अफसाना बानु र एमालेका रामबहादुर थापा मगर गरी ३ जना निर्वाचित भएका छन् । काभ्रेबाट रास्वपाबाट राम लामा र रचना खतिवडा खत्री, नुवाकोटबाट कांग्रेसका अर्जुननरसिंह केसी र रास्वपाकी शोभा खनाल समानुपातिकतर्फ सांसद बनेका छन् ।

भक्तपुरबाट कांग्रेसका मदनकृष्ण श्रेष्ठ (अपांगता/आदिवासी जनजाति क्लस्टर) र गंगालक्ष्मी अवाल समानुपातिक सांसद बनेका छन् भने दोलखाबाट रास्वपाकी स्मृति सेन्चुरी र मकवानपुरबाट कांग्रेसकी पवित्रा विक सांसद बनेका छन् ।

एचआईभी उपचार,सुधार्नु ...

हेरि सन्दर्भगतरूपमा मिहिन तरिकाले बुझ्ने कोसिश गरिनु पर्दछ ।

सहस्राब्दी विकास लक्ष्य सन् २००० को सेप्टेम्बरमा भएको संयुक्तराष्ट्रसंघको सहस्राब्दी भेलाले तथ्याङ्कको आधारमा एच आइ भी संक्रमणमा आधा जति १५ देखि ३४ वर्ष उमेर समूहका युवाहरू रहेका र धेरैजसो वयस्कहरुको एच आइ भी कै कारणबाट कम उमरमै मृत्यु हुने गरेको कुरालाइ ध्यानदिएर सन् २०१५ सम्ममै उतिबेलाको बृद्धिदरलाइ घटाउन भन्ने उद्देस्य राखिएको थियो । तर आजसम्म पनि यो संक्रमणको भयावहतामा उल्लेख्य नियन्त्रण पाउन सकिएको छैन ।

स्वास्थ्य बिज्ञानले निरन्तर अनुसन्धान गर्दै अझ प्रभावकारी औषधी र खोपको सम्भावनाहरूलाइ पत्ता लगाउँदै पनि छ तर अवस्था भयावह त यसलाई दुषित पारिवारिक सामाजिक सोचले बनाइरहेको छ । आविष्कार भएका र निशुल्क वितरण गरिने औषधि सेवनमा हुने हिचकिचाहट भय र संकोचले ज्यान अकालमा जाँदैछ ।

अझ भन्नुपर्दा धेरै कारणले सर्न सक्ने यो सरूवा रोगलाइ जबसम्म औंला अन्त देखाएर यो त्यस्को वा उस्को समस्या मात्र भनिन्छ व्यक्ति पीडित नै रहन्छ यो हाम्रो साझा समस्या हो र सबैले हातेमालो गरेर मानवताबादमा शंकल्पित बन्न सकियो भने केहि राहत पक्कै मिल्ने छ । सेनेगलको डाकारमा सन २००० मा सम्पन्न विश्व शिक्षामञ्चले डाकार घोषणापत्र प्रस्तुत गरेको र यसले एच आइ भी महामारीविरुद्धको अभियानमा शैक्षिक कार्यक्रम तथा क्रियाकलापहरु तत्काल कार्यान्वयन गर्नु पर्ने भनेर आह्वान गरेको छ ।

निकट भविष्यमा बन्ने सरकार जनउत्तरदायि बनोस् र त्यो आह्वानलाइ यो सरकारले संचारका विविध माध्यमको सदुपयोग गर्दै तथा कानुन र कार्यविधीको सन्दर्भमा भएकाको प्रभावकारी कार्यान्ययन, आवश्यक नयाँको निर्माण र अप्रभावकारीलाई नयाँ संसोधन समेत गर्दै नागरिक शिक्षालाई समुदायस्तरसम्म लैजाने काम गरोस् ।

लेखक सुवेदी सहीखबर साप्ताहिकको कानून सल्लाहकार हुन् ।

बागमती प्रदेश लोकसेवा आयोगको सदस्यमा घिमिरे



○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश लोकसेवा आयोगको सदस्यमा पुनम घिमिरेलाई नियुक्त गरिएको छ ।

आयोगको रिक्त पदमा काठमाडौं १० नयाँबानेश्वर निवासी घिमिरेलाई बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले सोमबार नियुक्त गरेका हुन् । बागमती प्रदेश लोकसेवा आयोगका अध्यक्ष महेश्वर श्रेष्ठले प्रदेश प्रमुखको कार्यालयमा शपथ गराएका छन् ।

शपथ कार्यक्रममा मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ, स्वास्थ्यमन्त्री किरण थापा मगर, श्रम, रोजगार तथा यातायात मन्त्री जयराम थापालगायतको उपस्थिति थियो ।

मकवानपुरबाट ७ हजार १९२ जना विद्यार्थी एसईईमा सहभागी हुँदै

○ सहीखबर संवाददाता

मकवानपुर । चैत १९ गतेदेखि सुरू हुन लागेको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा मकवानपुर जिल्लाबाट यस वर्ष ७ हजार १९२ परीक्षार्थी सहभागी हुने भएका छन्।

अघिल्लो वर्ष जिल्लाबाट ७ हजार ४५६ विद्यार्थी एसईईमा सहभागी भएका थिए।

मकवानपुर जिल्लास्थित १ सय ५ वटा सामुदायिक तथा ३७ वटा संस्थागत विद्यालयका छात्रछात्रा यस वर्षको एसईई परीक्षामा सहभागी हुन लागेको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख सुदीप गिरीले बताए ।

अधिकांश विद्यालयले योग्यता परीक्षामै कम विद्यार्थी सहभागी गराउनाले संख्या कमी हुँदै आएको बताए ।

शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरका अनुसार नियमिततर्फ ५ हजार ५२७ र ग्रेडवृद्धितर्फ १ हजार ६५ जना गरी कुल ७ हजार १९२ परीक्षार्थीले परीक्षा दिने तयारी गरेका छन्।

परीक्षा व्यवस्थापनका लागि जिल्लाका १० वटै स्थानीय तहमा गरी २८ वटा परीक्षा केन्द्र तोकिएको छ।

परीक्षा मर्यादित, व्यवस्थित र शान्तिपूर्ण रुपमा सञ्चालन गर्न आवश्यक सम्पूर्ण तयारी पूरा भएको सम्बन्धित निकायले जनाएको छ।

यस वर्ष परीक्षार्थी संख्या केही घटे पनि परीक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउन सरोकारवाला निकायहरु सक्रिय रुपमा लागिपरेका छन्।

इनिशा हत्याका दोषीलाई कारबाही माग



○ सहीखबर संवाददाता

मकवानपुर । इनिशा विक हत्याका दोषीलाई कारबाहीको माग गर्दै मकवानपुरका विद्यार्थीहरुले प्रदर्शन गरेका छन्। विद्यार्थीहरुले 'हत्यारालाई कारबाही गर, पीडितलाई न्याय दे, बलात्कारीलाई फाँसी दे, नारी अस्मिताको रक्षा गर' भन्दै नारा लगाएका थिए।

सुर्खेतको वीरेन्द्रनगरस्थित सामुदायिक वनमा विक मृत अवस्थामा फेला परेकी थिइन्। उनको बलात्कारपछि हत्या भएको प्रहरीको भनाइ छ । हेटौंडास्थित विभिन्न क्याम्पसमा अध्ययनरत विद्यार्थीहरु सडकमा उत्रिएर प्रदर्शन गरेका थिए।

हेटौंडा क्याम्पसका विद्यार्थीहरुको नेतृत्वमा भएको प्रदर्शनमा मकवानपुर बहुमुखी क्याम्पस, भुटनदेवी मावि र सिद्धार्थ क्याम्पसमा अध्ययनरत करिब ५ सय विद्यार्थी सहभागी रहेको विद्यार्थी नेता नितेश भण्डारीले बताए। दोषीलाई कानुनी कारबाहीको माग गर्दै देशका विभिन्न ठाउँमा प्रदर्शन भइरहेको छ।

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका ४ स्थित जनजागरण सामुदायिक वनमा अचेत अवस्थामा फेला परेकी १६ वर्षीया इनिशा विकको बलात्कारपछि हत्या प्रकरणमा प्रहरीले फरेन्सिक रिपोर्टको प्रतिक्षा गरिरहेको छ ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता, प्रहरी नायब उपरीक्षक मोहनजंग बुढथापाका अनुसार घटनामा संलग्न अन्य ३ जना बालकलाई नियन्त्रणमा राखेर अनुसन्धान जारी छ ।

प्रहरीले मृतक इनिशा र आरोपित बालकहरुको मोबाइल, विद्युतीय सामग्री, साथै इनिशाको भजाइनल स्वाबलगायतका प्रमाणहरु केन्द्रीय विधि विज्ञान प्रयोगशालामा टकसिकोजिकल र बायोसेरोलोजिकल परीक्षणका लागि पठाएको छ ।

बुढथापाका अनुसार फरेन्सिक रिपोर्ट आएपछि मात्रै मृत्युको रहस्य प्रस्ट हुनेछ । सामान्य अवस्थामा फरेन्सिक रिपोर्ट आउन १५ दिन लाउने भए पनि, यस प्रकरणमा प्रहरीले एक हप्तामित्र सबै परीक्षण प्रक्रिया पूरा गर्ने गरी काम गरिरहेको छ ।

घटनामा सुर्खेत प्रहरी र केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी)ले सुक्ष्म अध्ययन जारी राखेको छ भने, पत्रगाउ परेका बालकहरुको बयान लिने प्रक्रिया पनि चलिरहेको छ ।

यसैबीच इनिशा विकका बुवा सुर्खेत आइपुगेका छन् । छोरीको हत्या भएको खबर पाएपछि उनी दुबईबाट भारत हुँदै सुर्खेत आएका हुन् । रोजगारीका लागि दुबईमा रहेका ४० वर्षीय इन्द्रबहादुर विकले छोरीको हत्या योजनाबद्ध रुपमा भएको दाबी गरेका छन्। 'पार्कबाट घना जंगलतिर लगेर विभिन्न सामान देखाएर फकाई मेरो छोरीको हत्या गरिएको देखिन्छ,' उनले भने, 'मेरो छोरीले न्याय नपाएसम्म म शव बुझ्दिनँ।'

छोराछोरीलाई राम्रो शिक्षा दिन सकियोस् भनेर आफू वैदेशिक रोजगारीका लागि गएको बताउँदै उनले विद्यालयको पनि लापर्बाही देखिएको आरोप लगाए । घटनामा संलग्न भनिएका युवक र उनका परिवारलाई विद्यालयले पटक पटक सम्झाएको भन्ने कुरापछि मात्र आफूहरुले सुनेको उनले बताए ।

घटना दर्ता सम्बन्धी सूचना

- व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
- यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।
- यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सरकारले अनिवार्य गरेको छ ।
- यस्ता घटना घटेको ३५ दिनभित्र निः शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङ्कको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र निःशूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ ।

सबैलाई घटना भएको ३५ दिन भित्र आ आफ्नो वडामा दर्ताको लागि अनुरोध छ ।

मकवानपुरगढी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय मकवानपुर

खुला दौड प्रतियोगितामा हेमजन र लोप्चन प्रथम



○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडामा शुक्रबारबाट सुरू भएको खेलकुद, कृषि तथा पर्यटन महोत्सव अन्तर्गत जिल्लास्तरीय महिला तथा पुरूष १० किलोमिटर खुला दौड प्रतियोगिता भएको छ ।

हेटौंडामा भएको १० किलोमिटर दौड प्रतियोगितामा पुरूषतर्फ राक्सिराङ १ का सुवास हेमजन प्रथम भएका छन् भने महिलातर्फ हेटौंडा १३ की साधना लोप्चन प्रथम भइन् । हेमजनले अन्य ३३ प्रतिस्पर्धीलाई उछिन्दै प्रथम स्थान हाँसिल गरेका हुन् । दौडमा मनहरी ८ का सन्दिप विक द्वितीय र बकैया ८ का राजकुमार गोले तृतीय भए ।

यस्तै महिलातर्फ लोप्चनले अन्य ६ प्रतिस्पर्धीलाई पछि पार्दै दौडको उपाधि जितेकी हुन् । महिलातर्फ हेटौंडा १३ कै अमृता मोक्तान द्वितीय, हेटौंडा ४ की सुविना गोले तृतीय र राक्सिराङ १ की निलिमा थिङ सान्त्वना भइन् । दुवैतर्फको प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमश: ३० हजार, १० हजार, ५ हजार र एकहजार रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्रको व्यवस्था गरिएको आयोजकले जानकारी दिएको छ ।

मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा खेलकुद महोत्सव सुरू भएको हो । महोत्सव अन्तर्गत विभिन्न ६ वटा विधामा खेलकुद प्रतियोगिता हुनेछ । दौडमा इच्छा भएका खेलाडीहरूको पहिचानसहित खेल क्षेत्रको विकासका निम्ति जिल्लास्तरीय महिला तथा पुरूष दौडको आयोजना गरिएको खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष राजकुमार मोक्तानले जानकारी दिए ।

जिल्लास्तरीय डबल्स ब्याड्मिन्टन प्रतियोगिता समेत सुरू भएको छ । हेटौंडा ११ थानामर्याङस्थित कभर्ड हलमा मकवानपुर उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष अरूणराज सुमार्गीले ब्याड्मिन्टन प्रतियोगिताको उद्घाटन गरे । ब्याड्मिन्टन प्रतियोगिताको विजेताले २० हजार, उपविजेताले १० हजार तथा सान्त्वनाले ५/५ हजार रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजक मकवानपुर खेलकुद विकास समितिका सदस्य मदन उप्रेतीले जानकारी दिए ।

खेलकुद महोत्सवको आज बागमती प्रदेशका मुख्यमन्त्री इन्द्र बहादुर बानियाले उद्घाटन गरेका छन् । उद्घाटन कार्यक्रममा बानियाँले गौरीटार रङ्गशालामा आगामी एक महिनाभित्र बागमती प्रदेशस्तरीय खेल महोत्सव आयोजन गर्न लागिएको जानकारी दिए । खेलाडीहरु समाज र राष्ट्रका पहिचान भएकाले अन्तरराष्ट्रियस्तरका खेलाडी उत्पादनका लागि प्रदेश सरकारले संघीय सरकार र स्थानीय सरकारसँग समन्वय, सहकार्य गरेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

खेलकुद क्षेत्रको विकास प्रदेश सरकारको प्राथमिकतामा रहेको बताउँदै उनले भने 'कृषि, पर्यटन क्षेत्रको विकास गरी प्रदेशका जनताको आयस्रोत वृद्धि गर्ने विषयमा प्रदेश सरकार गम्भीर छ ।

प्रदेशभित्र रहेका पर्यटकीय क्षेत्रहरुको संरक्षण, संवर्द्धन गरी पर्यटक क्षेत्रको विकास गर्न प्रदेश सरकारले काम अघि बढाएको छ।'

कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, मकवानपुर का प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी, मकवानपुर उद्योग वाणिज्य स·का अध्यक्ष प्रमोदर ाज रानाभाट, नेपाल पत्रकार महासंघ मकवानपुर अध्यक्ष बालकृष्ण अधिकारीलगायत उपस्थित थिए ।

जिल्लास्तरीय कराँतेको उपाधि हात्तीसुँडे डोजोलाई



○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा सञ्चालन भएको वृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सव अन्तर्गत जिल्लास्तरीत कराँते प्रतियोगिताको उपाधी बकैया गाउँपालिकाको हात्तीसुडे डोजोले हात पारेको छ ।

३ दिनसम्म सञ्चालन भएको प्रतियोगिताको मंगलबार सम्पन्न भएको हो । हात्ती सुडे डोजोले १४ स्वर्ण पदक हासिल गर्दै उपाधी जितेको हो । ३ स्वर्ण पदक प्राप्त गर्दै बकैया ११ को सिमात दोस्रो हुँदा ३ स्वर्ण पदक सहित हेटौंडाको मेन डोजो तृतीय भएको छ ।

नेपाल सितोरियो कराँते संघ मकवानपुरको व्यवस्थापनमा हेटौंडा ४,स्थित बहुउद्देश्यीय कभर्ड हलमा सोमबारबाट प्रतियोगिता सुरू भएको हो ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने टोलीहरुले क्रमश: ३० हजार, २० हजार र १५ हजार रूपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गरेका छन्।

प्रतियोगिता अन्तर्गत ३० केजी तौल समूहदेखि ६५ केजी तौल समूह सम्मको खेलाडीहरूबीच प्रतिस्पर्धा भएको थियो । एकल काताको खेल समेत भएको प्रतियोगितामा ३ सय ६५ जना खेलाडीको सहभागीता रहेको थियो ।

मंगलेश्वरले जित्यो जिल्लास्तरीय पुरुष भलिबलको उपाधि



○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा भएको मकवानपुर जिल्लास्तरीय भलिबल प्रतियोगिताको उपाधि थाहा नगरपालिका वडा नम्बर ३ स्थित मंगलेश्वर युवा क्लबले हात पारेको छ ।

हेटौंडा जारी दोस्रो वृहत्,खेलकुद कृषि तथा पर्यटन महोत्सवमा स्थलमा मंगलबारको फाइनल खेलमा हेटौंडा ११,स्थित छहारी युवा समाजलाई ३-० को सोझो सेटले हराउँदै मंगलेश्वरले उपाधि जितेको हो । छहारीलाई मंगलेश्वरले २८-२५, २५-२० र २५-१६ को सेटले पाखा लगाउँदै उसले १ लाख रूपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । उपविजेतामा चित्त बुझाएको छहारीले ५० हजार रूपैयाँ र शिल्ड, मेडल प्राप्त गऱ्यो ।

मंगलबार भएको पहिलो सेमीफाइनलमा मंगलेश्वरले थाहा नगरपालिका ६ को नव प्रतिभा साँस्कृतिक युवा क्लबलाई २५-१९, २५-१८ र २५-१४ को सोझो सेटले पराजित गर्दै फाइनलमा स्थान बनाएको थियो ।

यसैगरी दोस्रो सेमीफाइनलमा छहारीले मनहरी गाउँपालिकालाई २८-२६,२५-२३ र २५-१६ को साझो सेटले पराजित गर्दै फाइनल समिकरण पुरा गरेको थियो ।

सेमीफाइनलमै रोकिएका प्रतिभा साँस्कृति युवा क्लब बज्रबाराही र मनहरीको टिमले १५/१५ हजार रूपैयाँसहित मेडल प्राप्त गरेका छन् ।

मकवानपुर जिल्ला भलिबल संघको व्यवस्थापनमा भएको प्रतियोगितामा ८ वटा टिमहरूको सहभागिता रहेको थियो । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित भएका मंगलेश्वर युवा क्लबका कुशल लामाले ५ हजार रूपैयाँ नगद पुरस्कार प्राप्त गरे ।

यसैगरी उत्कृष्ट डिफेन्डर मङ्गलेश्वरका विवेक कार्की, उत्कृष्ट स्पाइकर छहारीका पुजन गुरूङ, उत्कृष्ट सेटर मङ्गलेश्वरका उत्सव आले मगर, उत्कृष्ट ब्लकर प्रवेश कार्की, उत्कृष्ट प्रशिक्षक छहारीका योगबहादुर लामा र उद्यान खेलाडी मनहरीका जोशन गौतमलाई जनही ३/३ हजार रूपैयाँ नगद पुरस्कार प्रदान गरिएको आयोजकले जनाएको छ ।

● व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
● यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।

सहीखबर

पुनर्निर्माणाधिन संरचनाको भौतिक मन्त्रीद्वारा अनुगमन

○सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटाले 'जेन जी' आन्दोलनका क्रममा क्षति पुगेका प्रदेशका भौतिक संरचना तथा सरकारी कार्यालयहरुको मर्मतसम्भार कार्यको स्थलगत अनुगमन गरेका छ ।

मन्त्री डा.देवकोटासहितको टोलीले हेटौंडास्थित ४ वटा मन्त्रालय रहेको पाँचतले भवन, बागमती प्रदेशका प्रमुख सचिवको निवासलगायत क्षतिग्रस्त भवनहरुको निरीक्षण गरेको हो । अनुगमन टोलीमा मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहठ्ठा र सहरी विकास तथा भवन निर्माण महाशाखाका प्रमुख भूपेन्द्रकुमार यादवसमेत सहभागी थिए ।

निरीक्षणका क्रममा सञ्चारकर्मीहरुसँग कुरा गर्दै मन्त्री डा. देवकोटाले आन्दोलनबाट क्षति पुगेका भवनहरुको काठमाडौंबाट 'रद्क्चरल इन्जिनियर'हरु ल्याएर प्राविधिक मूल्याङ्कन गराइएको र सोही आधारमा पुनर्निर्माण अघि बढाइएको जानकारी दिनुभयो । मर्मत गरेर प्रयोगमा ल्याउन सकिने भवनहरुको काम अन्तिम चरणमा पुगेको उनले बताए ।

'पाँच महिनाको छोटो अवधिमै निर्माण व्यवसायी र मन्त्रालयको टिमको सहकार्यमा पुरानै अवस्थामा फर्काउने गरी धेरै काम सम्पन्न भएको छ,' मन्त्री देवकोटाले भने 'भत्काएर पुन:निर्माण गर्नु पर्ने प्रदेशको सभाहल र सहरी विकास तथा भवन कार्यलय मकवानपुरको पुरानो भवन कसरी निर्माण गर्ने भन्ने विषयमा अर्थ मन्त्रालयसँग छलफल भइरहेको छ ।'

सहरी विकास तथा भवन महाशाखाका प्रमुख भूपेन्द्रकुमार यादवका अनुसार ढूलो क्षति पुगेको हेटौंडा उपमहानगरपालिका १ स्थित भौतिक पूर्वाधार विकास मन्त्रालय, श्रम तथा यातायात मन्त्रालय, कृषि तथा पशुपन्छी मन्त्रालय, र खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय गरी ४ वटा मन्त्रालय बसेको भवन, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सामाजिक विकास मन्त्रालय, प्रमुख सचिव निवास, प्रदेश सभा सचिवालय ब्लक 'बी' र 'सी' मर्मतसम्भार अन्तिम चरणमा पुगेको छ । यही चैत मसान्तभित्र मर्मतको काम सक्ने मन्त्रालयको लक्ष्य छ ।



मर्मतपछि प्रयोग गर्न मिल्ने भवन पुनर्निर्माणका लागि अर्थ मन्त्रालयबाट ६ करोड २४ लाख रूपैयाँ बजेट सुनिश्चित भएको थियो । '३ करोड ९५ लाख रूपैयाँमा ठेक्का सम्झौता भई काम अन्तिम अवस्थामा पुगेको छ,' प्रमुख यादवले भन्नुभयो, 'जसमध्ये ५ वटा भवन हप्ता १५ दिनभित्र पूर्ण रुपमा सम्पन्न गरी हस्तान्तरण गर्दैछौं ।'

सानो बजेटबाट तत्काल मर्मत गरेर प्रयोगमा ल्याउन सकिने प्रदेश मातहतका कार्यलयका भवनहरू स्वयम् कार्यालयद्वारा मर्मतको काम सम्पन्न भई संचालनमा आएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका सचिव मरहठ्ठाले भौतिक संरचनाको मर्मत अन्तिम चरणमा पुगेसँगै सेवा प्रवाहलाई पुरानै लयमा फर्काउने तयारी भइरहेको जानकारी दिए । उनका अनुसार मर्मत भइरहेको मुख्य भवनमा गरिबी निवारण, खानेपानी तथा ऊर्जा, कृषि र यातायात मन्त्रालयको व्यवस्थापन गरिनेछ ।

'प्रमुख सचिवको निवासको मर्मत कार्य सकिएको छ । स्वास्थ्य मन्त्रालय रहेको भवनको पनि मर्मत भइरहेको छ र त्यहाँ आवश्यकताअनुसार मन्त्रालय राखिनेछ,' सचिव मरहठ्ठाले भने, 'क्षतिग्रस्त सबै सरकारी कार्यालयहरुको मर्मत कार्य सकेर छिट्टै पुरानै अवस्थामा कार्यालय व्यवस्थापन गर्ने चरणमा हामी पुगेका छौं ।'

जेन जी आन्दोलनका क्रममा बागमती प्रदेश सरकार मातहतका कार्यालय, भवन, सवारीसाधन र जिन्सी गरी कुल ९० करोड १ लाख ९१ हजार रूपैयाँ बराबरको सम्पत्ति क्षति भएको थियो । आर्थिक मामिला तथा योजना मन्त्रालयले दिएको प्रारम्भिक विवरणअनुसार काठमाडौं, चितवन, ललितपुर, भक्तपुर र मकवानपुरका गरी प्रदेश सरकारका २६ वटा कार्यालय र ६० वटा भवनमा क्षति पुगेको थियो ।

जसअन्तर्गत काठमाडौंमा २ वटा कार्यालयका ३ वटा भवन, चितवनमा ३ वटा कार्यालयका १० वटा भवन, भक्तपुरमा एउटा कार्यालयका २ वटा भवन, मकवानपुरमा १७ वटा कार्यालयका ४० वटा भवन र ललितपुरमा ३ वटा कार्यालयका ५ वटा भवन गरी जम्मा ४७ करोड ९३ लाख ५४ हजार रूपैयाँ बराबरको भौतिक क्षति भएको थियो । यस्तै, सवारीसाधनतर्फ १४२ वटा दुईपाङ्ग्रे र ५३ वटा चारपाङ्ग्रे गरी २१ करोड ६७ लाख ५५ हजार रूपैयाँ बराबरको क्षति पुगेको थियो भने २० करोड ४० लाख ८१ हजार रूपैयाँ बराबरको जिन्सी सामग्री नष्ट भएको थियो ।

भौतिक पूर्वाधार विकास मन्त्रालयको अगुवाइमा काठमाडौंबाट आएका दुई विज्ञसहितको टोलीले हेटौंडास्थित विभिन्न मन्त्रालय, प्रदेश सभाहल, कार्यालय र निकायहरुका भवनको प्राविधिक मूल्याङ्कन गरेको थियो । प्राविधिकहरुको टोलीले आधुनिक उपकरण प्रयोग गरी ११ वटा क्षतिग्रस्त भवनको जाँचबुझ गरेकोमा १० वटा भवन तत्काल प्रयोगका लागि अयोग्य देखिएका थिए ।

क्षतिग्रस्त भवनहरुको प्राविधि अवस्था बताउन तत्काल प्रयोग गर्न मिल्ने 'हरियो', मर्मतपछि प्रयोग गर्न मिल्ने 'पहेँलो' र पूर्ण रुपमा असुरक्षित तथा पुनर्निर्माण गर्नुपर्ने 'रातो' गरी तीन श्रेणीमा वर्गीकरण गरिएको थियो ।

पानीका स्रोतको संरक्षण गरौं,
जैविक विविधता जोगाऔं

- खानेपानीका स्रोतको संरक्षण गरौं,
- पानीको दुरुपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
- धारा खुला छोड्ने बानी त्यागौं,
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी संकलन गर्ने गरौं,
- नदी, ताल, पोखरीको संरक्षण गरौं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
- जलाधार संरक्षणका लागि वृक्षारोपण गरौं,
- पानीजन्य रोगबाट बच्न सरसफाइमा ध्यान दिऔं ।

हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- विविधतामा एकताको भावना विकास गरौं,
- जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
- चाडपर्व र उत्सवहरू मिलेर मनाऔं,
- घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद, सहकार्य बढाऔं,
- आपसी समझदारी कायम गरौं,
- शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं ।

विविधतामा एकता, सद्भाव र सहिष्णुता ।

नेपाल सरकार
विज्ञापन बोर्ड